डिभिजन वन कार्यालय कास्कीद्वारा मिति २०८१।१०।२५ मा प्रथम पटक प्रकाशित सूचना बमोजिमको

# प्राकृतिक रूपमा रहेका जडीवुटी संरक्षण तथा व्यवस्थापन कार्यक्रमको लागि तयार गरिएको कार्यसूची (TOR)

**२०८१**

**कार्यसूची तयार र जारी गर्ने :**


डिभिजन वन कार्यालय कास्की
सम्पर्क शाखा : योजना तथा व्यवस्थापन शाखा
सम्पर्क नं. : ०६१५७०१७१, ९८५६०८७५०७
इमेल : dfokaski@gmail.com

## प्राकृतिक रूपमा रहेका जडीवुटी संरक्षण तथा व्यवस्थापन कार्यक्रमको लागि तयार गरिएको कार्यसूची (TOR)

### १. कार्यक्रमको पृष्ठभूमी

चालू आर्थिक वर्ष २०८१।२०८२ मा पनि गैरकाष्ठ वन पैदावार र औषधीजन्य तथा सुगन्धित वनस्पतिको वैज्ञानिक र व्यवस्थित अध्ययन गरी उत्पादन, प्रशोधन र बजारीकरणको व्यवसायिक योजना तयार गर्ने र प्रदेशसँगको सहरकार्यमा वन पैदावारको उत्पादन व्यवस्थति गर्ने नेपाल सरकारको नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ। साथै चालू आर्थिक वर्ष २०८१।२०८२ मा सामुदायिक वन तथा निजी जग्गामा जडीवुटी खेती प्रवर्द्धन र प्रशोधन गर्न प्रोत्साहन गर्ने गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रम रहेको छ ।विभिन्न क्षेत्रको प्राकृतिक रुपमा सामुदायिक तथा कवुलियती वन, निजी तथा सार्वजनिक जग्गाहरुमा रहेका जडीवुटीहरु संरक्षण तथा व्यवस्थापन गर्ने यो कार्यक्रम राखिदै आएको छ र सोही अनुरुप डिभिजन वन कार्यालय कास्कीको चालू आर्थिक वर्ष २०८१।२०८२ को स्वीकृत वार्षिक कार्यक्रम (संघीय सर्शत अनुदान) तर्फ जडीवुटी विकास कार्यक्रम अन्तर्गत प्राकृतिक रुपमा रहेका जडीवुटी संरक्षण तथा व्यवस्थापन कार्यक्रमको लागि रू. ५ लाख विनियोजन भएको । सो कार्यक्रम संचालन गर्दा पार्दशिता अपनाई प्रभावकारी रूपमा कार्यान्वयन गरी अपेक्षीत उपलब्धी प्राप्त गर्नको लागि आवश्यक प्रक्रियागत सहजीकरणको लागि डिभिजन वन कार्यालय कास्कीले यो कार्यसूची तयार पारेको छ ।

### २. लक्ष्य तथा उद्देश्य

- वन क्षेत्रको जैविक विविधता संरक्षण गर्ने ।
- वन क्षेत्रमा जडीवुटीको विउ श्रोत संरक्षण गर्ने ।
- वन क्षेत्रमा रहेका जडीवुटीहरु दिगो उपयोग गर्ने ।

### ३. कार्यक्रम संचालन गरिने क्षेत्र तथा स्थान

उपरोक्त अनुसारको उद्देश्य परिपूर्तिका लागि प्राकृतिक रूपमा रहेका जडीवुटी संरक्षण तथा व्यवस्थापन गर्नका लागि कास्की जिल्लालाई कार्यक्षेत्र बनाई काम गर्न इच्छुक सामुदायिक वन उपभोक्ता समूह, कृषक समूह, कृषि वन सहकारी संस्थाले प्रस्तावना पेश गर्नुपर्नेछ ।

### ४. अनुदान रकमको क्षेत्र, सिमा र अनुपात

प्रस्तावना छनौट भएका प्रस्तावक मार्फत यो प्रस्तावनामा उल्लेखित प्राकृतिक रूपमा रहेका जडीवुटीको संरक्षण तथा व्यवस्थापन कार्यक्रमका लागि डिभिजन वन कार्यालय कास्की अन्तर्गतको सव डिभिजन वन कार्यालय (छनौट क्षेत्र कुन सव डिभिजन वन कार्यालयको कार्यक्षेत्रमा पर्दछ सोही सव डिभिजन)को प्रत्यक्ष निगरानीमा क्रियाकलापहरू संचालन/सम्पन्न गर्नुपर्ने छ । अनुदानको रकम कुनै एउटा समूह/संस्थालाई प्रस्ताव मूल्यांकनका आधारमा बढीमा बढीमा अधिकतम सीमासम्म उपलब्ध हुनेछ । कार्यक्रमको प्रस्ताव हेरी रकमको बाँडफाँड, कार्यक्रम खण्डीकरण सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा रहनेछ । प्रस्तावित आयोजनाको कम्तीमा २५ प्रतिशत अंश सम्बन्धित प्रस्तावकर्ताले व्यहोर्नुपर्नेछ । साथै प्रस्ताव छनौट भई कार्य जिम्मेवारी पाएका कार्यान्वयनकर्ता समेतको सहभागितामा सम्पन्न क्रियाकलापयहरूको अनुगमन, निरिक्षण गरी सुझाव दिइनेछ । अनुगमनबाट प्राप्त सुझावलाई कार्यान्वयनकर्ताले अनिवार्य रूपमा पालना गर्नुपर्नेछ । तोकिएको अवधिभित्र तोकिएको कार्य तथा क्रियाकलापहरू कार्यान्वयन एवं सम्पन्न गर्न नसकेमा फोकल टिमको निर्णय एवं प्रचलित ऐन नियमानुसार सम्झौता भङ्ग गरी नियमानुसार कारवाही प्रक्रिया अगाडी बढाई उपलब्ध गराइएको पेश्की रकम तथा हर्जाना एवं नियमित जरिवाना समेत सम्बन्धित कार्यान्वयनकर्ताबाट सरकारी बाँकी बक्यौता सरह असुल उपर गरिने छ ।

### ५. प्रस्तावकले पेश गर्नुपर्ने कागजात

प्रस्तावकले निम्न प्रस्ताव सहित निम्न बमोजिमको  कागजात पेश गर्नुपर्नेछ :

१. सामुदायिक वन उपभोक्ता समूह

- गत आर्थिक वर्षको लेखापरिक्षण प्रतिवेदन
- वार्षिक प्रतिवेदन
- जडीवुटी संरक्षण तथा व्यवस्थापन सम्बन्धी व्यवस्था भएको म्याद भएको वन कार्ययोजनाको पानाको प्रतिलिपि
- उक्त कार्यक्रम सामुदायिक वनमा संचालन गर्ने सामुदायिक वन उपभोक्ता समूहको साधारण भेलाको निर्णय
- सम्बन्धित वडाको सिफारिस

२. कृषक समूह/कृषि वन सहकारी संस्था

- समूह दर्ता प्रमणपत्र (नविकरण गर्नुपर्ने भए सो समेत भएको)
- स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि,
- नियमन गर्ने निकायको सिफारिस
- करचुक्ता भएको प्रमाण (कर लाग्ने संस्थाको हकमा)
- वडा कार्यालयको सिफारिस
- गत आर्थिक वर्षको लेखापरिक्षण प्रतिवेदन

## ६. प्रस्ताव छनौटको विधि

प्रस्ताव छनौटका लागि सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, सार्वजनिक खरिद सम्बन्धी प्रदेश नियमावली, २०७६, प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७८, प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७९, गण्डकी प्रदेश बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकिकृत कार्यविधि २०७७, प्रदेश खर्चको मापदण्ड २०७९, कार्यक्रम कार्यान्वयन कार्यविधि र अन्य प्रचलित कानून बमोजिम गुणस्तर र लागत अनुसार हुनेछ ।प्रस्ताव छनौटको लागि डिभिजन वन कार्यालय कास्कीले तोके अनुसारको ३ (तीन) सदस्यीय एक पहिलो चरणको छनौट समिति हुनेछ । तोकिएको समितिले प्रस्तावको छनौट गरी असान्दर्भिक र रीत नपुगेका प्रस्तावहरूलाई हटाई योग्यता पुगेका प्रस्तावहरूको मुल्यांकन गर्नेछ । प्रस्तावक कानूनी रित पुगेको हुनु पर्नेछ ।यसरी प्राप्त हुन आएका प्रस्तावहरू मध्ये कानूनी प्रस्तावलाई मूल्यांकन गरिसके पछि आर्थिक प्रस्तावको मूल्यांकन गरिने छ । दुवै मूल्यांकनबाट उत्कृष्ट ठहर भएको क्षेत्रगत प्रस्तावनाको छनौट गरि सम्झौताको लागि आमन्त्रण गरिने छ ।

## ७. प्रस्ताव छनौटका आधारहरू

रितपूर्वका प्राप्त हुन आएका प्रस्तावनाहरूको अन्तिम छनौट गर्दा निम्न आधारमा हुनेछ ।

क) प्रस्तावको भार अङ्क

| सि.नं. | प्रस्ताव | भार अङ्क | कैफियत |
|---|---|---|---|
| १. | प्राविधिक प्रस्ताव | ८०% | |
| २. | आर्थिक प्रस्ताव | २०% | |

नोट : प्रस्तावकले प्रस्तावना तयार गर्दा प्राविधिक र आर्थिक प्रस्ताव अलग-अलग रूपमा नगरी यसैसाथ नमुनाको लागि अनुसूची-१ मा राखिएको फाराममा नै यी प्रस्तावनाहरू उल्लेख हुने हुँदा उक्त फाराममा उल्लेखित विषयवस्तु बाहेक अन्य थप प्रस्तावना बनाउनुपर्ने छैन ।

ख) प्राविधिक प्रस्ताव छनौटका अन्य आधारहरू र अंकभार

- व्यवसायिक उत्पादन गर्न सक्ने क्षमता
- बजारको पहूँच
- प्रस्तावकको लगानी प्रतिशत
- वैदेशिक रोजगारिबाट फर्किएका युवाहरूको संलग्नता
- प्रस्तावकको विषयगत अनुभव
- डिभिजन वन कार्यालय कास्कीद्वारा यस अघि पकेट क्षेत्र तोकिएको

कार्यदलले आवश्यकता महशुस गरेमा अन्य मूल्यांकनका आधारहरू समेत थप्न सक्नेछ। आधारको अंकभार कार्यदलले प्रस्ताव खोल्नु अगाव नै तयार गर्नुपर्नेछ ।

**८. प्रस्तावको मूल्याङकन**

सूचनामा तोकिएको समयसिमा भित्र रही डिभिजन वन कार्यालयमा प्राप्त भएका प्रस्तावहरूको उपरोक्त अनुसार ७(ख) मा उल्लेखित मापदण्ड र अंकभारको आधारमा मूल्यांकन गरी प्रतिवेदन पेश गर्नको लागि गठित कार्यदलले डिभिजनल वन अधिकृत समक्ष प्रतिवेदन/पेश गर्नेछ ।

१. योजना शाखा प्रमुख, डिभिजन वन कार्यालय : संयोजक
२. प्रमुख, आर्थिक प्रशासन शाखा : सदस्य
३. डिभिजनल वन अधिकृतले तोकेको एकजना विज्ञ : सदस्य

उपरोक्ता अनुसारको मूल्याङकन कार्यदलले आवश्यकता अनुसार फिल्ड भेरीफिकेशन समेत गर्न सक्नेछ । मूल्यांकन समितिबाट निर्णय भएपछि अनुदानको लागि छनौट भएका प्रस्तावहरूको नामवाली, अनुदान रकम र सम्झौता गर्न आउने मिति समेत उल्लेख गरी कार्यालयको सूचना पाटी र वेभसाईट मार्फत सार्वजनिक गरिने छ ।

**९. समय सिमा**

समय सिमा प्रस्ताव छनौट भए पश्चात प्रस्ताव मूल्यांकन गर्ने कार्यदलले गर्नेछ ।

**१०.प्रस्तावकको योग्यता**

प्रस्तावक काननी रूपमा योग्य हुनुपर्नेछ । प्रस्तावकले आफ्नो अथवा समूहको लक्ष्य, उद्देश्य, जनशक्ति, आर्थिक अवस्था, कार्यक्रम, उपलब्धि आदिको विवरण पेश गर्नुपर्नेछ ।

**११.कार्यसम्पन्न प्रतिवेदनमा समावेश गर्नुपर्ने विषयहरू**

प्रस्तावकले कार्य सम्पादन गरि सकेपछि प्रस्ताव मूल्यांकन कार्यदलले तोकेको समय सिमाभित्र डिभिजन वन कार्यालय कास्कीमा पेश गर्नुपर्नेछ । प्रतिवेदनमा निम्न बुदाँहरू अनिवार्य रूपमा समावेश गरिएको हुनु पर्नेछ ।

- कार्य सम्पन्न विवरण (जग्गाको कित्ता नं., फिल्ड बुक, नक्सा, क्षेत्रफल, GPS waypoints, वृक्षारोपण गरिएका विरुवा संख्या र प्रजाति समेत समावेश भएको)
- कार्य सम्पन्न प्रगति परिमाण तथा खर्च विवरण ।
- अनुदान तथा प्रस्तावदाताले गरेको खर्च लगानीको अलग-अलग स्पष्ट मूल्याङकन विवरण।
- कार्यको उपलब्धी ।
- कार्य सम्पादनमा समस्या, चुनौती, अवसर र सिकाईहरू ।
- कार्य सम्पन्न क्षेत्रको तस्विर ।

**१२.भुक्तानी प्रक्रियाहरू**

प्रस्तावकलाई भुक्तानीको प्रक्रिया निम्न अनुसार हुनेछ ।

- सम्झौता पश्चात पहिलो किस्तामा पेश्की स्वरूप ३३ प्रतिशत रकम ।

- कार्यक्रम सम्पादन पश्चात प्रस्तावकको तर्फबाट कार्य सम्पन्न प्रतिवेदन प्राप्त भए पछि र अनुगमन टोलीबाट कार्य क्षेत्रको अनुगमन निरिक्षण कार्य सम्पन्न पश्चात अनुदानको बाँकी रकम भुक्तानी हुनेछ ।

**१३.प्रस्तावकले कार्य सम्पादन चरणमा पालना गर्नुपर्ने विषयहरू**

- प्रस्तावकले सम्झौता अनुसारको पूर्ण कार्य गर्नुपर्नेछ । आंशिक कार्य वा अधुरो कार्यको भुक्तानी हुने छैन ।
- प्रचलित ऐन, नियम, कार्यविधिको पूर्णरूपमा पालना गर्नुपर्नेछ ।
- स्थानिय रोजगारीलाई प्राथमिकता दिनुपर्नेछ ।
- प्रस्तावकले सम्झौता गरिसकेपछि सम्बन्धित सव डिभिजन वन तथा डिभिजन वन कार्यालयसँगको नियमित समन्वय, प्राविधिक सहयोग र सुझावमा कार्य गर्नुपर्नेछ ।
- कार्यक्रम संचालनमा आवश्यक पर्ने औजार तथा सामाग्रीहरू प्रस्तावकले आफै व्यवस्था गर्नुपर्नेछ ।
- कार्य संचालन/सम्पन्नमा कुनै समस्या उत्पन्न भएमा आपसि छलफल तथा साझेदारीमा समस्याको समाधान गरिने छ ।

अनुसूची १

प्रस्तावको नमुना

१. प्रस्तावकको विवरण

क) प्रस्ताव पेश गर्ने सामुदायिक वन उपभोक्ता समूह, कृषक समूह वा कृषि वन सहकारी संस्थाको नाम

ख) कार्यक्रम संचालन गरिने क्षेत्र र स्थान

ग) संस्थाको संक्षिप्त जानकारी

घ) संलग्न घरधुरी

ङ) अनुभव तथा उपलब्धीहरू (बढीमा आधा पेज)

च) जनशक्तिको अवस्था

२. प्राविधिक प्रस्ताव

क) कार्यक्रमको उद्देश्यहरू

ख) प्रस्तावित योजनाको विस्तृत विवरण (के काम गर्ने हो?)

ग) प्रस्तावित योजनाको तरिका/पद्धति

घ) दीगोपनाका सुनिश्चितताका आधारहरू

ङ) कार्यक्रम संचालनको समय तालिका

३. लाभ लागत सम्बन्धी विवरण

क) अनुमानित कूल लागत

छनौट भएका प्राप्त प्रस्ताव एवं व्यवसायिक योजनाहरूलाई कन्टीजेन्सी रकम (४ प्रतिशत) छुट्याई तोकिए बमोजिमको कार्य गर्नको लागि विभागिय नर्मस् तथा जिल्ला दररेटको अधिनमा रही लागत अनुमान तयार पार्नुपर्ने छ । सोही अनुसार प्रस्तावकले निम्न बमोजिम तोकिएको फर्मेट अनुसारको लागत अनुमान सहित प्रस्तावना पेश गर्नुपर्नेछ ।

| सि.नं. | कार्य विवरण | इकाइ | परिमाण | दिन/ ज्यमी संख्या | दर | जम्मा | | कैफियत (नमर्स नं.) |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | अनुदानबाट | प्रस्तावकले व्यहोर्ने | |
| | | | | | | | | |

ख) लगानीको श्रोत (कुल लागत कहाँ कहाँबाट जुटाउने हो, उल्लेख गर्ने)

ग) लागत अनुमान (कुन-कुन कामको लागि कति लागत हो, विस्तृतमा खुलाउने)

घ) लाभको अनुमान (विस्तृतमा) कति समय पछि दैनिक वा मासिक कति उत्पादन हुने हो, यसको विक्रि कति हुने हो, नियमित आम्दानी कति हुने हो? खुलाउने ।

ङ) लाभ र लागतको अनुमान र पारबिन्दु ।

च) सम्पन्न हुने समय ।

छ) कार्यक्रमबाट लाभान्वित जनसंख्या/घरधुरी